देहायमा उल्लेखित विवरणका सशस्त्र प्रहरी कर्मचारीहरु सशस्त्र प्रहरी बल, नेपालका विभिन्न ईकाईबाट बिदा तथा आफुखुसी लाईन ब्यारेक छाडी भागि गैह्र हाजिर रहि कुनै किसिमको सम्पर्कमा समेत नरहेकोले यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ७ (सात) दिन भित्र गैह्र हाजिर रहनुको मनासिब कारण सहित सम्बन्धित कार्यालयमा सम्पर्क राख्न आउनु होला । अन्यथा तपाई उपर सशस्त्र प्रहरी नियमावली २०७२ (संशोधन सहित) बमोजिम कारबाही भई जाने हुँदा सशस्त्र प्रहरी नियमावली २०७२ को नियम ११८ को उपनियम (१) को प्रयोजनार्थ यसै सूचनाद्वारा तपाईलाई जानकारी गराईएको छ ।

देहाय:-

| सि. नं. | आई.डि.नं. | दर्जा | नामथर | बाजेको नाम | बाबुको नाम | दरबन्दी | कार्यरत स्थान | स्थायी वतन | गैह्र हाजिर रहेको मिति |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ५५६६२ | सप्रसह | रोशन भट्टराई | भिम बहादुर भट्टराई | बाबुराम भट्टराई | स.प्र.बल, नेपाल नं. ३ गढीमाई बाहिनी मुख्यालय मकवानपुर | स.प्र.बल, नेपाल नं. ३ गढीमाई बाहिनी मुख्यालय मकवानपुर | जिल्ला नुवाकोट साविक बुधसिङ गा.वि.स.-६ (हाल बागमती प्रदेश जिल्ला नुवाकोट तारकेश्वर गाउँपालिका वडा नं.०४) | २०८२/०२/३० |
| २ | ६८३५८ | सप्रज | बाबु छिरीङ शेर्पा | काले शेर्पा | जाङ्वु शेर्पा लामा | स.प्र.बल, नेपाल नं. १९ गुल्म हे.क्वा. नुवाकोट | स.प्र.बल, नेपाल प्र.का. साँस्कृतिक तथा बाद्यवादन गुल्म | जिल्ला दोलखा जिरी नगरपालिका वडा नं. ०२ | २०८२/०२/०३ |
| ३ | ६५७३६ | सप्रज | तारा चन्द्र थापा | नन्द राम थापा | मन बहादुर थापा | स.प्र.बल, नेपाल नं. ४२ रिजर्भ गण हे.क्वा. शमशेरगन्ज बाँके | स.प्र.बल, नेपाल प्रस्तावित सीमा सुरक्षा गुल्म कण्ठपुर बर्दिया | जिल्ला मुगु खत्याड गाउँपालिका वडा नं. ४ | २०८२/०२/२२ |
| ४ | ६५५५२ | सप्रज | लक्ष्मण लुहार | जसी लुहार | रै सिंह लुहार | स.प्र.बल, नेपाल नं. ४४ गण हे.क्वा. दार्चुला | स.प्र.बल, नेपाल नं. ३४ गण हे.क्वा. कैलाली | जिल्ला बैतडी पुचौडी नगरपालिका वडा नं. ९ (साविक तल्लादेही गा.वि.स. वडा नं. ८ ) स्थायी वतन भई हाल जिल्ला कन्चनपुर भिमदत्त न.पा. वडा नं. १० | २०८२/०२/१९ |
| ५ | ६६५४७ | सप्रज | कोपिला भट्टराई | प्रेम नारायण भट्टराई | लोक प्रसाद भट्टराई | स.प्र.बल, नेपाल प्र.का. मानवश्रोत विभाग | स.प्र.बल, नेपाल प्र.का. अन्वेषण तथा विकास शाखा | जिल्ला गोरखा भिमसेन थापा वडा नं. ०६ | २०८२/०२/१३ |
| ६ | ६१२१९ | सप्रज | लक्ष्मण ओली | धनराम ओली | विरमान ओली | स.प्र.बल, नेपाल नं. २८ गण हे.क्वा. कपिलवस्तु | स.प्र.बल, नेपाल नं. १९ गण हे.क्वा. (विशेष कार्यदल) बलगामुखी | जिल्ला रुकुम, साविक झुला गा.वि.स. वडा नं. ९ (हाल कर्णाली प्रदेश जिल्ला रुकुम पश्चिम, बाँफिकोट गाउँपालिका वडा नं. १०) | २०८२/०२/२७ |
| ७ | ६६५२८ | सप्रज | अर्जुन खत्री | पूर्ण बहादुर खत्री | भिम बहादुर खत्री | स.प्र.बल, नेपाल वडिमालिका जवान तालिम शिक्षालय, कैलाली | स.प्र.बल, नेपाल वडिमालिका जवान तालिम शिक्षालय, कैलाली | जिल्ला सुर्खेत गुर्भाकोट न.पा. वडा नं. ०५ | २०८२/०३/०४ |
| ८ | ६७३६० | सप्रज | निरञ्जन मुराव | गनपत मुराव | गंगेश्वर मुराव | स.प्र.बल, नेपाल नं. २७ गण हे.क्वा. रुपन्देही | स.प्र.बल, नेपाल सुरक्षा वेश करौता रुपन्देही | जिल्ला रुपन्देही सम्मरीमाई गाउँपालिका वडा नं. ०५ | २०८२/०३/०५ |
| ९ | ५५३५६ | सप्रसह | मनोज कुमार उपाध्याय | राम देब प्रसाद उपाध्याय | अरविन्द कुमार उपाध्याय | स.प्र.बल, नेपाल नं. २८ गण हे.क्वा. कपिलवस्तु | स.प्र.बल, नेपाल नं. २८ गण हे.क्वा. कपिलवस्तु | जिल्ला कपिलवस्तु रंगपुर-५ | २०८२/०३/१२ |
| १० | ६६९९५ | सप्रज | राजेन्द्र पुरी | कृष्ण बहादुर पुरी | बिदुर पुरी | स.प्र.बल, नेपाल नं. २० गण हे.क्वा. (विपद् उद्दार) काठमाण्डौ | स.प्र.बल, नेपाल प्र.का. ए.पि.एफ. ईन्टेलिजेन्स ब्यूरो | जिल्ला सिन्धुपाल्चोक, साविक मेलम्ची न.पा. वडा नं. १४ | २०८२/०३/१७ |

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

## ‘कुलिङ पिरियड’को अर्को पटाक्षेप

पटाक्षेप नाटकमा प्रयोग हुने शब्द हो, जसको अर्थ हुन्छ एउटा दृश्य देखाइसकेपछि अर्को देखाउनुअघि पर्दा खसाल्ने काम । हो, सरकार–प्रशासन मिलेर कुलिङ पिरियडमा यस्ता पटाक्षेप पटक–पटक प्रदर्शन गरिरहेका छन् । पछिल्लो पटाक्षेप हो, नेपाली कांग्रेसका सांसद जीवन परियार नेतृत्वको संसदीय छानबिन समितिले गरेको अनुसन्धान । असार २३ गते गठन भएको यो समितिले सोमबार रातभर बसेर टुंग्याएको प्रतिवेदनको सार हो– संघीय निजामती सेवा विधेयकमा कुलिङ पिरियडको गडबडीलाई गम्भीर त्रुटिका रूपमा उल्लेख गरे पनि नियतवश भएको स्पष्ट प्रमाण प्राप्त भएन ।

असार १५ गते प्रतिनिधिसभाबाट पारित यो विधेयकबाट कुलिङ पिरियड हटाउने गरी कीर्ते गरेको भन्दै समितिका सभापति रामहरि खतिवडाको राजीनामा माग भयो । सुरुमा यसरी गडबढी गर्ने दोष खतिवडाकै टाउकोमा थोपरियो । यसरी चर्को विरोधमा उत्रिनेहरू नेकपा एमालेका सांसदहरू थिए । पछि कांग्रेसकै महामन्त्रीलगायतले विधेयकमा कुलिङ पिरियड नराखिए गठबन्धनमै दरार आउने चेतावनी दिए । कांग्रेस महामन्त्री विश्वप्रकाश शर्मा, कांग्रेस प्रवक्ता डा. प्रकाशशरण महत पनि यसको पक्षमा उभिए । विधेयकमा थपिएको दुई वर्षे कुलिङ पिरियडमा कीर्ते गरेपछि सत्तारुढ दल कांग्रेस र एमाले दुईतिर उभिए । प्रशासन सञ्चालनका प्रमुख मुख्यसचिव एकनारायण अर्यालले यसबारे प्रधानमन्त्री केपी शर्मा ओलीलाई पहिल्यै ‘कन्भिन्स’ गरिसकेका थिए कुलिङ पिरियड नराख्ने भनेर ।

संशोधनका ४३औं नम्बरमा विधेयकको दफा ८२ को उपदफा ४ मा भनिएको यसबारे व्यवस्था गरियो तर यसैलाई काट्नेगरी दफा ८२ को उपदफा ५ को ‘क’मा आँखामा छारो हाल्ने खाले व्यवस्था राखे । यसमा सबैभन्दा पहिले बयान दिएका संघीय संसद्का सचिव रोजनाथ पाण्डेले मानवीय त्रुटि भएको तर्क गरे । यो गडबडीमा पटाक्षेप हुँदा प्रतिपक्षी दलहरू भने ‘सस्पेन्स’का कारण रनभुल्ल परे ।

यसमा प्रस्टरूपमा राज्य व्यवस्था तथा सुशासन समितिका सभापति रामहरि खतिवडा, मुख्यसचिव एकनारायण अर्याल र राज्य व्यवस्था समितिका सचिव सुरजकुमार दुराले चलाखी गरेको प्रस्ट देखिन्छ । उनीहरूको पटाक्षेपअघि प्रतिनिधिसभाका सांसदहरूले आँखा चिम्लेको देखिन्छ । खतिवडा, अर्याल र दुराको जादु अगाडि समितिका सांसदहरू पनि एकोहोरो भएको देखियो ।

सुशासनको उद्देश्यसहित ल्याउन लागिएको ‘कुलिङ अफ पिरियड’मा कर्मचारीतन्त्रको चाकरी निरन्तरता गराउन खतिवडा सर्कसका पात्रझैं मोहोरा बनेका छन् । कालो कालो नै हो, सेतो सेतो नै हो भन्ने विषय यसअघिकै गडबडीबाटै प्रस्ट हुँदाहुँदै संसदीय छानबिन समिति गठन गरेर फेरि गोलमाल गर्ने काम भएको छ । पछिल्लो पटाक्षेप खतिवडाहरूलाई चोख्याउने सुनपानी हो । अब फेरि यो प्रकरणको नाटकीय भाग अर्को शृंखला चाँडै सुरु हुने छ नै ।

**श्रम सरोकार**

## साउदी अरेबियामा रहेका नेपालीहरूले अपनाउनुपर्ने सावधानी

पछिल्ला दिनहरूमा साउदी अरेबियाका केही दूरसञ्चार कम्पनीहरूका प्रतिज्ञापत्रहरूका प्रावधानहरू कार्यान्वयनका नाममा हुने गरेका विभिन्न किसिमका ठगी बढेको पाइएको छ । जसमा धेरै नेपालीहरू आफूले लिँदै नलिएको वित्तीय दायित्वको झमेलामा परी कानुनी कारबाहीमा पर्दै आएको साउदीस्थित नेपाली दूतावासले जनाएको छ । अनधिकृत व्यक्तिहरूबाट सिमको खरिद गर्दा र आफ्ना व्यक्तिगत विवरणहरू जथाभावी बाँड्दा यस्ता घटनाहरू घटेका हुनसक्ने भन्दै दूतावासले निम्न सावधानी अपनाउन अपिल गरेको छ ।

### अज्ञात फोन कल वा मेसेजबाट सचेत रहने

कुनै प्रकारको प्रलोभन देखाइ, चिठ्ठा परेको भनी वा बैंक तथा सरकारी कार्यालयको कर्मचारी हो भनी कसैले तपाईंको ओटिपीलगायतका व्यक्तिगत विवरण मागेमा नदिने ।

### मोबाइल सेवा खरिद गर्दा सावधानी अपनाउने

खुला पसलहरू वा अनधिकृत डिलरहरूबाट सिमकार्ड नकिन्ने । मोबाइल सिम कार्ड, इन्टरनेट सेवा, वा किस्ताबन्दी योजनाहरू खरिद गर्दा सम्झौताका सर्तहरू ध्यानपूर्वक अध्ययन गर्ने । सेवा प्रदायक वा एजेन्टहरूसँग माथि उल्लिखित विषयमा सम्झौता गर्दा आफ्नो जानकारीको दुरूपयोग नहुने कुरा सुनिश्चित गर्ने ।

### आफ्नो व्यक्तिगत जानकारी र कागजातहरु सुरक्षित राख्ने

आफ्नो इकामा, राहदानी, बैंक विवरण वा अन्य व्यक्तिगत कागजातहरू अनावश्यकरूपमा कसैलाई नदिने । यदि कोही कसैले तपाईंको इकामा मागेमा मागिएको विवरणहरू किन आवश्यक छ भनी पहिले राम्रोसँग बुझ्नुहोस् । तपाईंको कम्पनी वा अन्य कुनै निकाय वा व्यक्तिले कुनै कागजमा तपाईंलाई हस्ताक्षर गर्न भनेमा त्यसमा लेखिएको व्यहोरा बुझेर उचित लागेमा मात्र हस्ताक्षर गर्नुहोस् ।

### अब्शेर खाताको जानकारी सुरक्षित राख्ने

आफ्नो अब्शेर खाताको विवरण, पासवर्ड, वा ओटिपी कसैलाई पनि नदिने । अपरिचित व्यक्तिलाई तपाईंको अबशेर खाता खोल्न, अपडेट गर्न, वा परिवर्तन गर्न सहयोग नमाग्नुहोस् । कसैले सहयोग गर्छु भने पनि त्यस्तो व्यक्तिको सहयोग नलिने । आफ्नो मोबाइल फोन कसैलाई पनि नदिने । प्रायोजक (स्पोन्सर), एचआर कर्मचारी, वा अन्य जो सुकै भए पनि आफ्नो फोनको प्रयोग गर्न अरुलाई नदिने । उनीहरूले तपाईंको जानकारी दुरूपयोग गर्न वा ठगीका लागि प्रयोग गर्न सक्छन् ।

# स्तनपान आमाको कर्तव्य शिशुको अधिकार



■ डा. प्रकाश बुढाथोकी

> विश्वभर हरेक वर्ष हुने बालमृत्युको १६ प्रतिशत पर्याप्त स्तनपान नगराएका कारण हुने युनिसेफले जनाएको छ । पूर्णस्तनपानले विश्वभर हरेक वर्ष छ वर्षमुनिको सम्भावित मृत्युलाई १३ प्रतिशतले, जन्मेको पहिलो घण्टाभित्र गराइने स्तनपानसँगै पूर्णस्तनपानले नवजात शिशुको मृत्युलाई २२ प्रतिशतले घटाउन सक्छ भन्ने अध्ययनले देखाएको छ । हरेक वर्ष विश्वभर करिब एक करोड ५० लाख शिशुहरु समय नपुगी जन्मन्छन् भने नेपालजस्ता निम्न, मध्यम आय भएका देशमा झण्डै ८१ हजार बच्चा समय नपुगी जन्मन्छन् ।

> नेपालमा स्तनपानका लागि विभिन्न नीति नियमहरु बने पनि स्तनपान गराउने क्रम घट्दै गएको देखिन्छ । नेपाल डेमोग्राफिक हेल्थ सर्भेअनुसार घटदो क्रममा छ । सन् २०११ मा ७० प्रतिशत, सन् २०१६ मा ६६ र सन् २०२२ मा ५६ प्रतिशतलेमात्र पूर्णस्तनपान गरेको गराएको देखिन्छ । दिगो विकास लक्ष्य प्राप्तिका लागि सन् २०३० सम्ममा स्तनपान गराउने नेपाली आमा ९० प्रतिशत बढी पुर्‍याउने लक्ष्य राखिएको छ ।

विश्वमा प्रत्येक वर्ष अगस्ट १ देखि ७ सम्मलाई विश्व स्तनपान सप्ताहको रूपमा मनाउने गरिन्छ । नेपालमा पनि केही वर्षदेखि यसलाई विभिन्न जनचेतनामूलक कार्यक्रमको रूपमा मनाउन सुरु गरिएको छ । अहिले पनि हाम्रो समाजमा स्तनपान गराउँदा दुख्छ, स्तनको मुख ठूलो हुन्छ, स्तनपान गराउँदा कुनै औषधि सेवन गर्नु हुँदैन, स्तनपान गराउनुअघि सादा खाना खानुपर्छ, मसला भएको खाना बार्नुपर्छ, स्तनपान गराएपछि बच्चालाई कहिल्यै पाउडर दूध दिनु हुँदैन, बिरामी भएको बेला स्तनपान गराउन हुँदैन भन्नेजस्ता अनेक भ्रमहरू रहेको पाइन्छ । विश्व स्वास्थ्य संगठनका विभिन्न अध्ययनहरूले राम्रोसँग आमाको दूध पाएका बच्चाहरूको तुलनामा दूध चुस्न नपाएका बच्चाहरूको आफ्नो पहिलो वार्षिक जन्मदिनअघि नै मृत्यु हुने जोखिम १४ गुणा बढी हुने जनाएको छ ।

विश्वभर हरेक वर्ष हुने बालमृत्युको १६ प्रतिशत पर्याप्त स्तनपान नगराएका कारण हुने युनिसेफले जनाएको छ । पूर्णस्तनपानले विश्वभर हरेक वर्ष छ वर्षमुनिको सम्भावित मृत्युलाई १३ प्रतिशतले, जन्मेको पहिलो घण्टाभित्र गराइने स्तनपानसँगै पूर्णस्तनपानले नवजात शिशुको मृत्युलाई २२ प्रतिशतले घटाउन सक्छ भन्ने अध्यननले देखाएको छ । हरेक वर्ष विश्वभर करिब एक करोड ५० लाख शिशुहरू समय नपुगी जन्मन्छन् भने नेपालजस्ता निम्न, मध्यम आय भएका देशमा झण्डै ८१ हजार बच्चा समय नपुगी जन्मन्छन् । स्वास्थ्य संस्थामा बच्चा जन्माउनेको प्रतिशत सन् २०१६ मा ६४ प्रतिशत रहेकामा सन् २०२२ मा ७९ प्रतिशत पुगेको छ । शल्यक्रियापश्चात् पनि आमा र बच्चालाई फरक राखे काउन्सिलमा आचारसंहिता मानेर उजुरी लाग्छ । वार्षिक २२ देखि २४ हजार गर्भवतीमध्ये ३५ प्रतिशतले शल्यक्रियाबाट बच्चा जन्माएका हुन्छन् ।

अस्ट्रेलियाका सिनेटर लरिसा वाटर्स संसद्मा स्तनपान गराई चर्चामा आउने पहिलो राजनीतिज्ञ बनिन् । अमेरिकी मोडेल मारा मार्टिनले स्विमसुटका लागि पाँच महिने छोरी आरियालाई स्नपान गराउँदै रनवेमा ऱ्याम्प वाक गरिन् । क्यानाडामा एक महिला सांसदले संसद् बैठकमा कुर्सीमै बसेर स्तनपान गराएको, अस्ट्रेलियामा एक सांसदले संसद् बैठकमा बच्चालाई दूध चुसाउँदै उठेर भाषण गरेको, आइसल्याण्डमा महिला सांसदले स्तनपान गराउँदै रोस्ट्रममा गई सम्बोधन गरेको समाचारले निकै चर्चा पाए । स्पेनकी क्यारोलिना बेस्कान्स्का, अर्जेन्टिनाकी भिक्टोरिया डोना पेरेज, बेलायतकी एन्नेलिजडोडस तथा इटालीका लिसिया रोन्जुलीहरू यस्ता साहसिक नेतृ तथा जिम्मेवार आमा हुन्, जस्ले संसद्मै स्तनपान गराएर एकसाथ मातृत्व र नेतृत्वको उदाहरण पेस गरेका छन् ।

बट्टाको दूधमा शिशुलाई आवश्यक पर्ने पौष्टिक तत्व नहुने र प्रोटिनको मात्रा असन्तुलित हुने भएकाले आमाको दूधभन्दा २३ गुणाले बढी हानिकारक हुने गर्दछ । गाईभैंसीमा तेब्बर प्रोटिन रहने भएकाले पचाउन नसक्ने, एलर्जी हुन्छन् । दुईदेखि छ महिनामा बट्टाको दूध खुवाउँदा मृत्युको जोखिम १६ गुणा बढी हुन्छ । नेपालले मातृ तथा नवजात शिशु स्वास्थ्यमा सन् २०१६ मा मातृ मृत्युदरप्रति एक लाख जीवित जन्ममा २३९ बाट सन् २०२२ मा १५१ र सन् २००१ मा प्रति एक हजारमा ३९ रहेको नवजात शिशु मृत्युदर सन् २०२२ मा २१ मा घटेको छ । यसमा देशभर रहेका दुई हजार ८४८ प्रसूति केन्द्रहरूको भूमिका रहेको छ ।

### मिल्क बैंकको अवधारणा

सन् १९०९ मा अष्ट्रियाको भियना सहरमा ह्युमन मिल्क बैंक अभियानको सुरुआत भएको हो । तत्पश्चात् विभिन्न पश्चिमी देशमा यसको थालनी भएको देखिन्छ । सन् १९१९ मा अमेरिकाको बोस्टन सहरमा सन् १९४० मा बेलायत र सन् १९४७ मा ब्राजिलमा सुरु भयो । भारतमा भने सन् १९८९ मा थालनी भएको हो र हाल १०० भन्दा बढी मानव दूध बैंकहरू सञ्चालित छन् । हाल विश्वभर ५० भन्दा बढी देशमा ६०० भन्दा बढी मानव दूध बैंकहरू सफल र दिगोरूपमा सञ्चालनमा छन् । नेपालमा २०७९ भदौ ३ परोपकार प्रसूति गृह थापाथलीमा मिल्क बैंक स्थापना गरिएको छ । यस अस्पतालमा स्थापित पहिलो ह्युमन मिल्क बैंकलाई अमृत बैंकको रूपमा लिने गरिएको छ ।

मिल्क बैंक दुईवटा लेभलको हुन्छ, कम्प्रेहेन्सिभ ल्याक्टेसन म्यानेजमेन्ट सेन्टर र ल्याक्टेसन म्यानेजमेन्ट सेन्टर । प्रसूति गृहको सिएलएमसी भएकाले संकलनसहित प्रशोधन, परीक्षण, भण्डारण, पास्चराइजेसनको सुविधा छ । आमाबाट ब्रेस्ट मिल्क पम्प-इलेक्ट्रिक वा मानिस आफैंले आमाको दूध संकलन गरिन्छ । संकलित दूधमा कुनै रोगव्याधी नभएको परीक्षणबाट सुनिश्चित गरी कल्चर गरेर पास्चराइजेसन गरी १०० मिलिलिटरको बोतलमा राखिन्छ । उक्त बोतल माइनस २० डिग्री सेल्सियसको डिप फ्रिजरमा छ महिनासम्म राख्न सकिन्छ । विश्व स्वास्थ्य संगठनका अनुसार आमाको दूधलाई रेफ्रिजेरेटरमा १८ सेल्सियसमा कम्तीमा छदेखि १२ महिनासम्म, चार सेल्सियसमा चार दिनसम्म र सामान्यतया कोठाको तापक्रममा चारदेखि छ घण्टासम्म प्रयोग गर्न सकिन्छ ।

दूध दान गर्ने आमाहरूको मुख्यतया एचआइभी, भेनेरल डिजिज-भिडिआरएल, हेपाटाइटिस बी र ए सरफेस एन्टिजेन परीक्षण अनिवार्य छ । आर्थिक वर्ष २०८१/८२ मा ९३१ आमाबाट ५९४ लिटर जम्मा भई एक हजार १७९ शिशुलाई प्रदान गरेको छ । प्रसूतिगृहकै एनआइसियूका नवजातलाई पुगे पनि अन्य अस्पताल तथा आवश्यक शिशुलाई यथेष्ट उपलब्ध गराउन सकेको छैन । यसका लागि ‘कम्युनिटी डोनेसन’को रणनीति कार्यान्वयन गर्नु आवश्यक छ ।

### आमाको दूधः शिशुको अधिकार

आमाको दूध शिशुका लागि पहिलो प्राकृतिक आहार हो, जसले शिशुलाई जीवनका सुरुका महिनाहरूमा चाहिने ऊर्जा र पोषण उपलब्ध गराई शिशुमा सिर्जनात्मक र ज्ञानेन्द्रीय क्षमता बढाउने, झाडापखाला, निमोनिया, कुपोषणजस्ता रोगबाट हुने शिशु मृत्युदर घटाउन प्रकृतिले सञ्चय गरिदिएको जीवनबुटी हो । आमाको सुरुको दूध १० दिनको बाक्लो, पहेलो र च्यापच्याप लाग्ने, वंशाणुगत, कोलोस्ट्रमसहितको बिगौती दूध हो । हानिकारक संक्रामक जीवाणु र किटाणुलाई नष्ट पार्ने, संक्रामक रोगसँग लड्नसक्ने तत्वहरू भएको, कार्बोहाइड्रेड, प्रोटिन, चिल्लो पदार्थको अलावा सबै पौष्टिक तत्वले भरिपूर्ण भएकाले बिगौती दूधलाई पहिलो खोप भनिन्छ ।

स्वस्थ आमाको स्तनबाट दैनिक निस्कने दूधमा बच्चाको शारीरिक आवश्यकतानुसार शारीरिक र मस्तिष्क विकास गर्न जरुरत पर्ने सबै तत्व तथा एमिनो एसिड पाइन्छन् । समय सीमा र मात्रा नभएका, स्वच्छ, सुपाच्य, हानिकारक किटाणुको प्रवेश हुन नपाउने, प्राकृतिक तत्वनिहीत खाद्यपदार्थ हो । बोतलबाट दूध चुस्ने बच्चाको दाँत दुई गुणा बढी टेडोमेडो भएर उम्रिने सम्भावना रहन्छ । जन्मेपछि पहिलोपटक दूध चुसाउन दुईदेखि २३ घण्टासम्म ढिलो गर्दा शिशुको मृत्यु हुने जोखिम ३३ प्रतिशतले बढ्छ, जन्मेको दुई दिनसम्म पनि दूध चुस्न नपाउने बच्चामा यस्तो जोखिम दोब्बर हुन्छ । स्तनपान नगराएका बच्चाहरूमा स्तनपान गरेका बच्चाहरूमा एक वर्षभित्रै ज्यान गुमाउने जोखिम करिब २१ प्रतिशत बढी हुन्छ । स्तनपानबाट बच्चाको हालको मृत्यु २० प्रतिशतले कम गर्न सकिन्छ । स्तनपानको अभ्यासको सुधार भए वार्षिक आठ लाख ८२ हजार शिशुको ज्यान जोगिने तथ्यांकले देखाएको छ । छ महिनासम्म स्तनपान पाएका शिशुको ज्यान जोगिने सम्भावना १४ प्रतिशतले बढ्छ ।

### स्तनपानबाट फाइदा

आमाले गरेको भोजनबाट प्राप्त क्यालोरीमध्ये ६० प्रतिशत क्यालोरी मात्र दूधमा रूपान्तरण हुन्छ । त्यसैले दूध खुवाउने महिलाको भोजनमा दैनिक ७०० देखि एक हजार मिलिग्राम क्याल्सियम अर्थात् दुईदेखि आठ प्रतिशत बढी, ७०० क्यालोरी, २० ग्राम प्रोटिन अर्थात् ७.२ ग्राम प्रोटिनका लागि १४.४ ग्राम, महिनावारी सुरु भएपछि थप लौहतत्व, भिटामीन ए, बी, सी, फोलिक एसिड पनि थप आवश्यक पर्छ ।

स्तनपानले पाठेघर खुम्चाउन उत्तेजित पार्छ, सालनाल निक्लन, रोग लाग्न, रक्तश्राव बन्द गर्न र आमाको तनाव कम गर्छ । डिम्बासय, स्तन क्यान्सर २८ प्रतिशतले, पाठेघरको क्यान्सर २१ प्रतिशतले, टाइप-२ मधुमेह १२ प्रतिशतले, छालामा निखार, मोटोपना, हाड खिइने, रोग प्रतिरोधात्मक क्षमतामा वृद्धि, सुत्केरीपश्चात्को डिप्रेसन, मुटुरोग, जीनमै उच्च रक्तचाप र उच्च कोलेस्टेरोलको समस्या भएकामा राहत, हर्मोन प्रोल्याक्टिन निस्कँदा आमालाई आनन्द र ध्यान केन्द्रित गर्न मद्दत गर्दछ । नियमित स्तनपानले सौन्दर्य वृद्धि हुने गर्दछ किनभने सुत्केरी आमाको शरीर पहिलेको अवस्थामा फर्काउँछ । बोसो क्रमशः घटाउँछ । पूर्णस्तनपान गराउँदा प्रोजेस्ट्रोन हर्मोनको वृद्धिले गर्भ निरोधकको काम गर्छ र गर्भधारण ढिलो हुन्छ ।

डब्बा तथा अन्य दूध खुवाउँदा हुने खर्चको आर्थिक भार तथा बिरामी भई उपचारमा लाग्ने खर्चको भार ५० प्रतिशत कम हुन्छ । स्तनपान नगराउँदा वार्षिक अनुमानित खर्च ३०० खर्ब डलर छ । आमालाई स्तनपान गराउँदा आत्मीयता, तनाव कम, भावनात्मक लगाव बढ्ने, सुखानुभूति, गौरव, मानसिक स्वस्थता र आत्मसन्तुष्टि प्रदान गर्दछ । तर स्तनपानलाई यौनिकतासँग जोड्नु गलत हो ।

शिशुलाई स्तनपान गराउन नपाउने एकथरि आमाहरू प्राकृतिक कारणले स्तनपान गराउन असमर्थ हुन्छन् । उनीहरूको स्तनमा दूध फुट्दैन, फुटे पनि तुरुन्तै बन्द हुन्छ वा विशेष रोगी हुन्छन् भने अर्को सामाजिक कारणले पर्दछन् । बिरामी आमाजस्तै रक्तअल्पता, हिस्टेरिया, हृदयरोग, क्षयरोग, छारेरोग, एचआइभी, स्तनको मुण्टा चिरिएर घाउ भएका, घाउ पाकेर संक्रमित भएका तथा केही औषधि खाइरहेकामा दूधबाट रोग सर्ने भएकाले स्तनपान नगराउन सक्छन् । यद्यपि अहिले क्षयरोग र एड्स संक्रमित आमाले पनि स्तनपान गराउन सक्ने वैज्ञानिक प्रमाण देखिन्छ । स्तनपान गराउने आमाहरू यदि लागुपदार्थ सेवन गर्छन् भने त्यो दूधको माध्यमले बच्चासम्म पुग्छ र बच्चा लागुऔषधको अम्मलीसमेत हुन सक्छन् । धूमपान गर्ने आमाको एक मिलिलिटर दूधमा दुईदेखि २४० न्यानोग्राम निकोटिन हुन्छ । एचआइभी भएका महिलाले शिशुलाई स्तनपान गराउँदा एचआइभी संक्रमणको खतरा २५ प्रतिशतले बढ्छ । तर आमा र बच्चाले एआरटी उपचार लिँदा संक्रमण हुने समभावना एक/दुई प्रतिशत हुन्छ ।

### नियम कानुन के छ त ?

नेपालमा स्तनपानका लागि विभिन्न नीति नियमहरू बने पनि स्तनपान गराउने क्रम घट्दै गएको देखिन्छ । नेपाल डेमोग्राफिक हेल्थ सर्भेअनुसार घटदो क्रममा छ । सन् २०११ मा ७० प्रतिशत, सन् २०१६ मा ६६ र सन् २०२२ मा ५६ प्रतिशतलेमात्र पूर्णस्तनपान गरेको गराएको देखिन्छ । दिगो विकास लक्ष्य प्राप्तिका लागि सन् २०३० सम्ममा स्तनपान गराउने नेपाली आमा ९० प्रतिशत बढी पुऱ्याउने लक्ष्य राखिएको छ ।

विश्वमा धेरै देशले आमाको दूधलाई प्रतिस्थापन गर्ने अन्य आहारको अनैतिक व्यापारीकरणविरुद्धको अन्तर्राष्ट्रिय कानुनलाई मान्यता दिएका छन् । स्तनपानको संरक्षण र सम्बर्द्धन तथा आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तुलगायत बाल आहारको बिक्री वितरणलाई नियमित गरी बच्चाहरूका लागि सुरक्षित एवं पर्याप्त पोषणको व्यवस्था गर्ने उद्देश्यले नेपालमा आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु नियन्त्रण ऐन २०४९ जारी भएको छ । ऐनको दफा २० अनुसार सरकारले आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु बिक्री वितरण नियन्त्रण नियमावली २०५१ समेत जारी गरेको छ । २०६२ सालदेखि आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तुको बिक्री वितरणसम्बन्धी प्रचारप्रसार विद्युतीय सञ्चार माध्यममा रोक छ । प्रतिस्थापन वस्तुलाई प्रवर्द्धन गरे अपराध मानी शिशुलाई क्षति पुगे अदालतले २५ हजारदेखि एक लाख रूपैयाँसम्म क्षतिपूर्ति भराउन सक्छ ।

यसैगरी प्रसूति महिलालाई ९८ दिन तलबी बिदा, प्रसूति भएको छ महिनासम्म चाहेमा बेतलवी बिदा, ५० भन्दा बढी महिला कार्यरत संस्थामा नर्सिङ युनिट, स्तनपानमैत्री अस्पतालको घोषणालगायत विभिन्न व्यवस्था गरिएको छ । स्तनपान प्रवर्द्धन गर्न मातृ तथा शिशुमैत्री अस्पतालका रूपमा विकास गर्ने तथा हरेक स्थानीय तहमा स्तनपान कक्ष स्थापना अभियान विस्तारमा छ । स्तनपानलाई बढावा दिन सार्क देशमध्ये बंगलादेश र भारतमा महिलालाई स्तनपानका लागि छ महिना सुत्केरी बिदा दिइन्छ । *रासस*

*(लेखक स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रवक्ता हुन्)*

**पाठक मञ्च**

## घरजग्गा किनबेच किन भयो ठप्प ?

सामाजिक सञ्जालहरूमा काठमाडौं उपत्यकासहित बाहिरी जिल्लामा घरजग्गा निकै सस्तो मूल्यमा बिक्रीका लागि राखिएको भेटिन्छ । राष्ट्रिय दैनिक पत्रपत्रिका र सार्वजनिकस्थलमा पनि घरजग्गा निकै सस्तो भएको सुनिन्छ । पाँच वर्षअघिसम्म डेढ करोडदेखि तीन करोडसम्म पर्ने घरजग्गा अहिले कसरी लाखौंमा झऱ्यो त ? प्रश्न उब्जिएको छ । तर, यसका जवाफ पनि छन् । त्यो पनि धेरै । एउटा मिटरब्याजका कारण ऋण तिर्न नसक्नु । दोस्रो, स्मार्ट सिटी । तेस्रो सरकारी, सार्वजनिक, गुठी, ऐलानी, हदबन्दी जग्गामा घर बनाइनु ।

यससम्बन्धमा प्रतिनिधिसभाको कृषि समितिमा सांसदहरूले आवाज उठाइरहेका छन् । चौथो कारण हो, जग्गा वर्गीकरण । जसअनुसार खेतीयोग्य जमिनमा घर बनाउन पाइँदैन । पाँचौं, घर बनाउने मापदण्ड परिवर्तन हुनु । ०७२ सालको महाभूकम्प वा अस्तव्यस्त सहरका कारण घर बनाउने मापदण्ड परिवर्तन गरिएको हो ।

पहिला अर्थात् ०६४ को मापदण्डअनुसार तीनपट्टी जोडेर घर बनाउन पाइन्थ्यो । ०८१ मंसिर २८ गतेको क्याबिनेट बैठकले नक्सा पाससम्बन्धी नयाँ मापदण्ड ल्याइसकेको छ । जसअनुसार अब बन्ने घरहरू तीनपट्टी जोड्न पाइँदैन । खुला ठाउँ ४० मिटर छोड्नुपर्छ । यतिमात्र होइन, नयाँ मापदण्डमा बाटो अब २० मिटरको बनाउने जनाइएको छ ।

पहिले १३ मिटर थियो । त्यस्तै, विद्युत् ट्रान्समिटर बायाँदायाँ घर तथा संरचना बनाउँदा पहिले नौ मिटर छोड्नुपर्नेमा १४ मिटर बनाइएको छ । ०८० पुस २३ गते सर्वोच्च अदालतले खोला वा राजकुलो दायाँबायाँ घर तथा संरचना बनाउँदा अनिवार्य ४० मिटर छोड्नुपर्ने फैसला सुनाएको छ । ०८१ असोज १०, ११ र १२ गते उपत्यकासहित देशभर भारी वर्षा भयो ।

उपत्यका पूरै डुब्यो । भक्तपुरको राधेराधेस्थित भाटभटेनी रहेको एरिया पनि पूरै डुबेको थियो । वर्षाले उपत्यका जलमग्न हुँदा ठूलो भौतिक क्षति पुग्यो । मानिसहरूको सामान सबै बिग्रियो । त्यसपछि कतिपयले डराएर उपत्यका छोडे । आफ्नै घरगाउँ फर्किए । घरजग्गाको मूल्य घट्नुको अर्को कारण हो, उपत्यका खाली हुनु । उपत्यकामा घरभाडा निकै महँगो छ । पहिले पो रोजगारी जति पनि पाइन्थ्यो । मानिसहरू गाउँदेखि उपत्यका आएर काम गर्थे । अहिले ठ्याक्कै उल्टो छ । बेरोजगारी बढ्दो छ । भाडा तिर्न सक्ने अवस्था छैन । अनि उपत्यकामै बसोबास गर्नेहरू विदेश लागे । परिवारलाई गाउँ छोडे । योसँगै सहकारी डुब्यो । लघुवित्त, फाइनान्स पनि डुबे । बैंकमा पनि समस्या निम्तिँदै छ ।

अहिले घरजग्गा कारोबार ठप्पै भएको छ । यो बिक्री हुनै छोडेको छ । जतिसुकै सस्तो मूल्यमा बेच्न खोजे पनि बिक्री हुन्न । जसले दलालीहरूको भागाभाग चलेको छ भने मानिसहरूमा पनि सरकारी सम्पत्ति कब्जा गर्नुहुन्न, सरकारका ऐन, कानुनबारे जानकारी रहनुपर्छ भनेर सचेतना आएको छ ।

**– रामचन्द्र श्रेष्ठ**
टोखा, काठमाडौं

# कम्पनी भन्छ– 'मल छ,' किसान भन्छन्, 'पाइएन'

■ सुदिप राउत



**सिरहा–** यस वर्ष साउन महिनाको तेस्रो हप्ताको सुरूआतसम्म देशका धेरैजसो भूभागमा खडेरीजस्तो अवस्था सिर्जना भयो। लामो समयसम्म पानी नपर्दा किसानहरू चिन्तित थिए । बीउ रोप्ने समयमै खेतमा पानी थिएन, धानको उत्पादन अनिश्चित देखिन्थ्यो । तर साउनको तेस्रो सातादेखि अविरल वर्षा सुरू भयो, र किसानले ढिलो भए पनि धान रोप्न सके । अब रोपिएको धानलाई मल चाहिने संवेदनशील समय आएको छ ।

सिरहास्थित कृषि सामग्री कम्पनी लिमिटेडको शाखा कार्यालय लहानमा किसानलाई आवश्यक पर्ने रासायनिक मल पर्याप्त मात्रामा मौज्दात रहेको भए पनि वितरण प्रक्रियामा भने समस्या देखिएको छ । कम्पनीका शाखा प्रमुख दीपराज पौडेलका अनुसार जिल्लामा हालसम्म तीन चरणमा मल वितरण भइरहेको छ । दोस्रो चरण साउन महिनामा मात्रै डिएपी ९३९ मेट्रिक टन र युरिया एक हजार २७ मेट्रिक टन मल जिल्लामा आइपुगेको छ । तेस्रो चरणको मल आउने क्रम पनि जारी रहेकाले अभाव नहुने पौडेलले जानकारी दिए ।

शाखा प्रमुख पौडेलले जिल्लामा रासायनिक मल पर्याप्त मात्रामा मौज्दात रहेको दाबी गरे पनि वास्तविक किसानहरू भने मल नपाएको गुनासो गरिरहेका छन् । नरहा गाउँपालिका-२ का किसान रघुवीर यादवले भने, 'हिजो बिहान ४ बजेदेखि लाइनमा बसेँ, तर बेलुका मल सकियो भनेर फर्काइयो । कम्पनी भन्छ मल छ, हामीलाई त छैन । धान अब बढ्न थालेको छ । युरिया हाल्ने यही बेला हो । नत्र बाला लाग्दैन, बोट कम्जोर हुन्छ ।'

समयमै मल नपाउँदा रघुवीरजस्तै लहान-१८ का अखन यादवको पनि चिन्ता उस्तै छ । मंगलबार लहानस्थित रासायनिक मल वितरण गर्ने लहान-१ मा रहेको कृषि सहकारी संस्थामा पुगेर रित्तै हात फर्कनुपरेको उनको गुनासो थियो । 'पानी पाएकोमा ढुक्क भयौं, अब मल नपाएर गारोमा परेका छौं,' उनले भने, 'मौसमले पनि समयमा साथ दिएन, मलखाद्य पनि पाइएन । किसान त सधैं दोहोरो मारमा छ हजुर, के गर्ने ।' उनले दुई हजार ५०५ रूपैयाँसम्म पर्ने ५० किलोको डिएपी मल बाहिर पसलमा किन्दा तीन हजार ५०० रूपैयाँसम्म तिर्नुपरेको गुनासो गरे ।

गोदाममा मल भए पनि वास्तविक किसानले मल नपाएको सम्बन्धमा कृषि सामग्री कम्पनी लिमिटेड लहानका शाखा प्रमुख पौडेलको भनाइ छ, 'समस्या सहकारीहरूले समयमा मलको माग प्रक्रिया अगाडि नबढाउँदा हो । गोदाममा मल छ, तर वितरण स्थानीय तह र सहकारीमार्फत हुने भएकाले ढिलाइ भएको हो ।'

उनको अनुसार, दोस्रो चरणको वितरणअन्तर्गत सिराहाको १७ वटै पालिकामा १२५ कृषि सहकारीमार्फत मल वितरण गरिएको छ । डिएपी मलमात्रै १८ हजार ६०० बोरा वितरण गरिएको हो । यसमध्ये लहान नगरपालिकाले दुई हजार ९० बोरा, सिराहा नगरपालिकाले दुई हजार २०० बोरा, धनगढीमाईले एक हजार ५५५ बोरा, गोलबजारले एक हजार ५१० बोरालगायत बाँकी पालिकामा पनि हजारौं बोराको दरले मल वितरण गरिएको छ ।

हालको वितरण प्रणाली पहुँच र सिफारिसमा आधारित भएकाले कतिपय वास्तविक किसान मलबाट वञ्चित हुनसकेको कम्पनीले स्वीकार गरेको छ । शाखा प्रमुख पौडेल भन्छन्, 'कतिपय किसानको पालो अझै आएको छैन, किनभने मल किस्तामा आउँछ । सबै किसानलाई पालैपालो दिने व्यवस्था मिलाइएको छ ।'

यता स्थानीय किसानहरू भने सहकारीले राजनीतिक आस्था र चिनजानका आधारमा मल वितरण गरेको गुनासो गरिरहेका छन् । उनीहरूका अनुसार सहकारीहरूले पारदर्शी वितरण प्रक्रिया अपनाएका छैनन्, जसले गर्दा सर्वसाधारण किसानलाई समयमा मल नपाउने अवस्था सिर्जना भएको छ । त्यस्तै पालिकामा प्रमुख वा अध्यक्षले आफ्ना लागि कोटा तोक्ने र आफ्ना मान्छेलाई वितरण गर्ने परिपाटीले मलको वितरण प्रणालीमाथि नै प्रश्न उठेको छ । पालिका तथा वडाको मनोमानीरूपमा सिफारिस गर्दा किसान र वितरकबीच कुटाकुट हुने स्थिति रहेको छ ।

मल तथा खाद्य वितरणमा अनियमितताको गुनासो बढेसँगै मंगलबार लहान नगरपालिका र भगवानपुर गाउँपालिकामा रहेका कृषि सहकारीहरूको अनुगमन गरिएको छ । इलाका प्रशासन कार्यालय लहानको नेतृत्वमा कृषि सामग्री कम्पनी लिमिटेड र साल्ट ट्रेडिङ कर्पोरेसन लिमिटेडका प्रतिनिधिसहितको टोलीले अनुगमन गरेको हो ।

अनुगमनको क्रममा सहकारीहरूले बिलविजक नराख्ने, मूल्यसूची टाँस नगर्ने, रासायनिक मल तथा खाद्यान्न एउटै स्थानमा राख्नेजस्ता गम्भीर त्रुटिहरू फेला परेको इलाका प्रशासन कार्यालय लहानका प्रशासकीय अधिकृत सन्तोष रायले जानकारी दिए । उनले भने, 'सहकारीहरूले बिलविजक नदेखाउने, मूल्यसूची नराख्ने, मल र खाद्यान्न एउटै ठाउँमा राख्ने कार्यले वितरण प्रक्रियामा गम्भीर अनियमितता देखाएको छ ।'

त्यस्तै उनले अन्य पालिकाहरूमा पनि यस्तै अनियमितता हुनसक्ने भएकाले नियमित अनुगमन आवश्यक रहेको बताए । 'अन्य पालिकाहरूमा पनि यस्ता गम्भीर त्रुटिहरू दोहोरिन नदिन अब निरन्तर अनुगमन गरिने छ । मंगलबार अनुगमन गरिएका सहकारीहरूलाई हामीले पहिलोपटक भएकाले चेतावनी मात्र दिएको छौं,' उनले भने ।

कृषि सामग्री कम्पनी लिमिटेड लहान शाखाका प्रमुख पौडेलले पनि सहकारीहरूको अवस्था सुधार गर्न आवश्यक रहेको बताउँदै नियमित अनुगमनलाई अझ सशक्त बनाउनुपर्नेमा जोड दिए । उनले भने, 'हामीले वितरण प्रणाली सुधार गर्न सहकार्य गर्दै आएका छौं । तर सहकारीहरूले नियम विपरीत कार्य गरेकाले थप कडाइका साथ अनुगमन आवश्यक छ ।' यसअघि आइतबार पनि सहायक जिल्ला अधिकारीको नेतृत्वमा सिरहा नगरपालिकाका कृषि सहकारीमा अनुगमन गरिएको थियो ।

प्रमुख पौडेलले यस्ता अनियमितता रोक्नका लागि स्थानीय तहले 'किसान कार्ड'को व्यवस्था गर्न आवश्यक रहेको उल्लेख गरे । यदि किसानको पहिचान सुनिश्चित गर्न किसान कार्ड लागू गरियो भने पहुँच र भनसुनको भरमा वितरण हुने मलखाद रोक्न सहज हुने उनको भनाइ छ ।

सरकारका तर्फबाट अनुगमन र सुधारको प्रक्रिया अघि बढाए पनि स्थायित्वका लागि सहकारीहरू स्वयं पनि जिम्मेवार बन्नुपर्ने सरोकारवालाको धारणा छ । कृषि सामग्री कम्पनीसँगै साल्ट ट्रेडिङ कर्पोरेसन लिमिटेडले पनि मल वितरण गरिरहेको छ । कृषि ज्ञान केन्द्रले पालिकालाई आवश्यकताअनुसार कोटा निर्धारण गरिदिने र त्यसपछि पालिकाले सहकारीमार्फत वितरण गर्ने प्रक्रिया अपनाईंदै आइएको छ । *रासस*

# आधारभूत अस्पतालमै 'डायलाइसिस' सेवा

**बागलुङ (प्रस)–** यहाँको आधार भूत अस्पतालमा डायलाइसिस सेवा दिने तयारी थालिएको छ । यसका लागि संघीय स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमार्फत बडिगाड गाउँपालिकालाई एक करोड एक लाख ४४ हजार रूपैयाँबराबरको पाँचवटा डायलाइसिस उपकरण प्राप्त भएको छ ।

यही साउन १ गतेबाट बडिगाड गाउँपालिकामा १५ शयचाको आधारभूत अस्पतालले सेवा सुरुआत गरेको थियो । जिल्ला अस्पतालबाट दिइरहेको डायलाइसिस सेवा अब गाउँपालिकाबाट दिने तयारीका साथ उपकरण अस्पतालमा आएको गाउँपालिकाका अध्यक्ष गण्डकी थापा अधिकारीले जानकारी दिए ।

उनका अनुसार गाउँपालिकाको आधारभूत अस्पतालमा डायलाइसिस सेवा सम्भवतः देशभरमै पहिलो भएको बताए । बागलुङको बडिगाड गाउँपालिकाले पश्चिम बागलुङका मिर्गौलाको बिरामीका लागि डायलाइसिस सेवा सुरु गर्न उपकरण भित्र्याएको हो । बडिगाड-५ ग्वालीचौरमा हालै सम्पन्न १८ करोड रूपैयाँ लागतको भवनमा १५ शयचाको अस्पताल निर्माण भएको थियो ।

गाउँपालिकाले आगामी कात्तिकभित्र डायलाइसिस सेवा दिनेगरी स्वास्थ्यकर्मीलाई तालिम दिने तयारीमा जुटेको अध्यक्ष थापा अधिकारीले जानकारी दिए । मध्यपहाडी पुष्पलाल लोकमार्गको नजिकै रहेको अस्पतालले राजमार्गमा हुने दुर्घटनाका बिरामीलाई समेत सहजता प्रदान गर्ने छ ।

धवलागिरि अस्पतालमा मात्र सो सुविधा रहेकामा बडिगाडमा पनि डायलाइसिस सेवा सञ्चालनसम्बन्धी एक वर्षअघि बडिगाड गाउँपालिका र सहिद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्र भक्तपुरबीच सम्झौता भएअनुसार अहिले उपकरण प्राप्त भएको हो । केन्द्रका कार्यकारी निर्देशक डा. पुकारचन्द्र श्रेष्ठ र बडिगाड गाउँपालिकाका अध्यक्ष गण्डकी थापा अधिकारीबीच डायलाइसिस सेवा दिने विषयमा सम्झौता भएअनुसार उपकरण गाउँपालिकामा आएको हो ।

उपकरण आएपछि जनशक्तिको विषयमा थप तयारी भइरहेको छ । शहिद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्रका कार्यकारी निर्देशक डा. श्रेष्ठले जनशक्ति पठाउने विषयमा अध्ययन गरिने बताएको अध्यक्ष थापाले जानकारी दिए । पालिकाका एक मेडिकल अधिकृत र तीन स्टाफ नर्सलाई तालिमका लागि पठाउने तयारी छ । बडिगाडको आधारभूत अस्पताललाई स्वास्थ्य बिमाको प्रथम सेवा विन्दुका रूपमा समेत सूचीकृत गरेको छ । गण्डकी प्रदेशबाट थप एक मेडिकल अधिकृत तथा संघीय सरकारबाट दुई चिकित्सक र तीन स्टाफ नर्ससहितको उपकण दिने देशभरको ४८ सूचीमासमेत यस गाउँपालिकाको आधारभूत अस्पताल परेको छ ।

यसबाट बागलुङ पश्चिमका साथै गुल्मी, रुकुम र रोल्पाका जनताले सहज सेवा पाउने बडिगाड गाउँपालिका अध्यक्ष अधिकारीले बताए । बडिगाडले सबै वडामा स्वास्थ्यचौकी र सामुदायिक स्वास्थ्य एकाइ स्थापना गरेर सामान्य रोगको उपचार गर्दै आएको छ ।


## युएइमा रोजगार — कम्पनी : COVETER FURNITURE INDUSTRY LLC

पूर्व स्वीकृति मिति : २०८२/04/२० | LT. No. 328480 | चलानी नं. ६०२४२३५८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaners (Male) | 2 | 0 | 1200 | ४५,८०२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Helper | 10 | 0 | 1000 | ३८,२६८ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन २८ गते (13th Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Aseana International Pvt. Ltd.**
Samakhusi–26, Kathmandu, Nepal, Tel:- 01-498950, 01-4989850
Email:-aseana.manpower@gmail.com, info@asenainternational.com, Website:- www.aseanainternational.com
Govt. License 937/067/068

## साउदीमा रोजगार — कम्पनी : RAWAHIL AL HIJAZ TRANSPORT COMPANY

पूर्व स्वीकृति मिति : २०८२/04/२० | LT. No. 328502 | चलानी नं. ६०२४२३७०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Drivers | 2 | 0 | 1900 | ७०,९९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन २८ गते (13th Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Swift Gurkha International Pvt. Ltd.**
श्रम इजाजत नं. ५५९/०६२/०६३
Samakhusi, Tokha Road, Ktm, Nepal. Tel: +9771 4352128, 4389471, 4350987, Fax: +977-1-4350534

## कुवेतमा रोजगार — कम्पनी : BADER ALBDOR BEAUTY SALON

पूर्व स्वीकृति मिति : २०८२/04/१९ | LT. No. 328423 | चलानी नं. ६०२४०२९६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manicure & Pedicure Beautician | 0 | 1 | 150 | ६८,८२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Massage Therapist | 0 | 1 | 150 | ६८,८२० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन २८ गते (13th Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**INTERNATIONAL TRADE LINKS RECRUITMENT PVT. LTD.**
(The Centre Overseas Pvt. Ltd.(THE CENTER OVERSEAS CONCERN PVT.LTD))
श्रम इजाजत नं. ०८५/०५३/०५४
Basundhara, Ktm, Nepal, Tel : +977-1-4985474, 4985586, Fax: +977-1-4385806

## कतारमा रोजगार — कम्पनी : RED STONE CONSTRUCTION AND PROJECTS SUPPORT COMPANY

पूर्व स्वीकृति मिति : २०८२/04/१९ | LT. No. 328461 | चलानी नं. ६०२४२३८१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver | 1 | 0 | 1700 | ६५,४६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Labour | 4 | 0 | 1000 | ३८,५०५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन २८ गते (13th Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**OZONE OVERSEAS SERVICE PVT. LTD.**
Airport, Kathmandu, Nepal, Tel No. 01-5918794, 980-1041130, 9801041129
E-mail : info@ozoneoverseas.com, ozoneoverseasnepal@gmail.com, Web: www.ozoneoverseas.com
श्रम इजाजत नं. ४४८/०६०/०६१

## युएइमा रोजगार — कम्पनी : EMPOWER EMPLOYMENT SERVICES L.L.C.

पूर्व स्वीकृति मिति : २०८२/०१/२५ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/04/१८ | LT. No. 323396 | चलानी नं.६०२३७३८२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper | 23 | 0 | 900 | ३४,३५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन २६ गते (11th Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

यो विज्ञापन LT No. 323396 मिति: २०८२/०४/१९ मा प्रकाशित हुनुपर्नेमा भूलबस छुट्न गएकोले आज प्रकाशित गरिएको व्यहोरा जानकारी गरिन्छ ।

Govt. License 1657/080/81
**AL ZAHRA HUMAN RESOURCES CONSULTANCY PRIVATE LIMITED**
New Baneshwor-10, Thapagaun, Kathmandu, Landline No : 01-4586367, 4586366, Mob: 9810003423/970-4414954
E-mail : alzahranepal@gmail.com, URL : www.alzahrahr.com

## कतारमा रोजगार — कम्पनी : SAIF TWO CONTRACTING

पूर्व स्वीकृति मिति : २०८१/०५/२५ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/04/२० | LT. No. 310495 | चलानी नं. ६०२२५१२१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Worker/labour | 2 | 0 | 1000 | ३८,५०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cashier | 0 | 1 | 1500 | ५७,७६० | | | | | | | |
| 3 | Cashier | 2 | 0 | 1500 | ५७,७६० | | | | | | | |
| 4 | Foreman | 1 | 0 | 2500 | ९६,२६५ | | | | | | | |
| 5 | General Clean Worker | 0 | 2 | 1000 | ३८,५०५ | | | | | | | |
| 6 | Labour | 2 | 0 | 1000 | ३८,५०५ | | | | | | | |
| 7 | Sales Men | 1 | 0 | 1500 | ५७,७६० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन २८ गते (13th Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Ayaan Consultency Services Pvt. Ltd. (GREEN HILL OVERSEAS PVT. LTD.)**
श्रम इजाजत नं. 1536/078/79
Purano Baneshwor-9,Bijay Chowk, Kathmandu, BAGMATI
Phone: 9818727318, 9851014815, 9803828661, Email:greenhilloverseas5@gmail.com


## Kalika Municipality
## Office of Municipal Executive
### Redcrossgram, Chitwan
### Bagmati Province, Nepal

# INVITATION FOR SEALED QUOTATION BIDS

**Contract Identification No: 02/Goods/SQ/KM/082/083**

**First date of publication: - 2082/04/21 (5th August, 2025)**

1. Kalika Municipality Office of Municipal Executive Redcrossgram, Chitwan invites electronic sealed quotation bids from eligible bidders for Supply of following Goods in the table below.

| S.N. | Contract No. | Description of Work | Bid Validity/Bid Bond Validity Period | Bid Security Amount (NRs.) | Price of Bid Document (NRs.) |
|---|---|---|---|---|---|
| 1 | 02/Goods/SQ/KM/082/083 | Supply and Delivery of Medicine and Medical Items | **75 days from the day of bid opening (upto 2082-07-19 B.S/ 5th November, 2025 A.D)** | 80,000/- | 1,000.00 |

**Account details for purchasing bidding document and bid security deposit**

Name of the Bank: Global IME Bank Ltd., Kholesimal Branch, Chitwan.
Name of Office: Kalika Municipality, Office of Municipal Executive, Chitwan.
Office Account no.: 11304010000013 (For Purchase Bidding Document), A/C Name: Rajaswa (Revene) Account,
**राजस्व शीर्षक नं: १४२११**

Office Account no.: 11304010000004 (For Bid Security deposit), A/C Name: Ga 3 Dharauti Khata
**Last Date of Bids Submission Date: Before 12 PM on 2082-05- 06 (22nd August, 2025)**
**Bids Opening Date: At 13:00 PM on 2082-05- 06 (22nd August, 2025)**
Location: Kalika Municipality Office of Municipal Executive, Redcrossgram, Chitwan.

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents atthe Kalika Municipality Office of Municipal ExecutiveRedcrossgram, Chitwan during office hours or may visit PPMO's e-GP system www.bolpatra.gov.np/egp.

**Chief Administrative Officer**

प्रभाव दैनिक




## फिल्म 'ताराहरू' सेन्सर पास

अशान्त शर्मा निर्देशित फिल्म 'ताराहरू' आगामी भदौ ६ गतेदेखि सार्वजनिक प्रदर्शनमा आउने तयारीमा छ। कलाकारको सङ्घर्षको कथामा बनेको फिल्म सेन्सर पास भएको छ। सोमबार भएको फिल्मको सेन्सरमा चलचित्र सेन्सर बोडले फिल्मलाई युनिभर्सल सर्टिफिकेट दिएको छ। 'सेन्सरले फिल्मको कथा र मेकिङको तारिफ समेत गरेको छ', शर्माले भने 'सेन्सरको प्रतिक्रियाले हामी सार्वजनिक प्रदर्शनका लागि उत्साहित छौ।' निर्देशक शर्माकै मुख्य भूमिका रहेको फिल्ममा अभिनेत्री मेनुका प्रधान, कुन्दुन शाक्य, मीरा खड्का, प्रभाकर न्यौपाने, आभाष अधिकारी, राज पङ्गेनी शर्मा, प्रमोद बाबु, विकास खनाललगायतको अभिनय छ।



बुधबार, २१ साउन, २०८२ (Wednesday, 06 August 2025)

# बोर्ड तथा सेन्सर सदस्यलाई कलाकार संघको सम्मान



■ प्रभाव संवाददाता

**काठमाडौं–** चलचित्र कलाकार सङ्घले चलचित्र विकास बोर्ड तथा केन्द्रीय चलचित्र जाँच समिति (सेन्सर) बोर्डका नव नियुक्त सदस्यलाई बधाई तथा सम्मान प्रदान गरेको छ।

सङ्घले राजधानीमा मंगलबार एक औपचारिक समारोह मार्फत बधाई तथा सम्मान गरेको हो।चलचित्र विकास बोर्डका पूर्व अध्यक्ष राजकुमार राई, कलाकार सङ्घका अध्यक्ष मोहन निरौला, सङ्घका पूर्व अध्यक्ष रवीन्द्र खड्का महासचिव सबिन श्रेष्ठलगायतले नव नियुक्त सदस्यलाई माला, खादा र सम्मान पत्रले सम्मान गरेका थिए। हालै नियुक्त सदस्यमा बोर्डमा सन्तोष बाबु लोहनी, बिरेन्द्र प्रसाद भट्ट र गणेश सुवेदी तथा चलचित्र जाँचपास समितिमा सम्पन्न श्रेष्ठ, कुबेर राज गिरी र भीमा मैनाली रहेका छन्।

# आँखा मार्नेमा नाजिर र प्रियंका

■ प्रभाव संवाददाता

**काठमाडौं (प्रस)–** गायक तथा संगीतकार कृष्ण विकको 'आँखा मार्ने' बोलको गीतको भिडियो सार्वजनिक गरिएको छ।

विककै शब्द संगीतमा तयार भएको गीतमा महिला गायनमा मनीषा सुनारले साथ दिएकी छन्। एन एक्स मसको एरेन्जमा तयार भएको गीतको भिडियोमा नाजिर हुसेन र प्रियंका कार्की रोमान्टिक मुडमा देखिएका छन्। आँखा मार्नेबाट नै गायक तथा संगीतकार कृष्ण विकले भिडियो निर्देशनमा डेब्यू गरेका छन्।

यसअघि 'यानीमाया', 'रातो टिकी', 'राधा पियारी', 'हजुर मुसुक्कै' लगायतका गीतमा सफलता पाइसकेका कृष्णले यो पटक अझ बढी आशा राखेका छन्। उनले भने, 'अघिल्ला पटक वर्षको दुई गीत गर्दै आएको थिए। यो पटक यसै गीतको लागि वर्ष खर्चिएको छु। नाजिर र प्रियंकाको केमेष्टि दर्शकको रोजाइ बन्ला भन्ने अपेक्षा राखेको छु।'

भिडियो कृष्ण विकको अफिसियल युट्युब च्यानलबाट सार्वजनिक गरिएको छ। २०५८ सालमा 'सुन्दर सुदूरपश्चिम हाम्रो' गीतबाट औपचारिक गायन यात्रा सुरु गरेका विकले सृजना, अडियो र भिडियोमा गुणस्तरीय काम गर्दै आएका छन्।

# सौगात र बेनिशाको 'रातो पछ्यौरी'



**काठमाडौं (प्रस)–** प्रदर्शन तयारीमा रहेको फिल्म 'सिटामोल'को नयाँ गीत 'रातो पछ्यौरी' युट्युबमा सार्वजनिक भएको छ। गीतमा अञ्जना खतिवडा र रवि ओडको स्वर छ। बाबुल गिरीको शब्द, संगीत र संयोजन छ। गीतले नेपाली मौलिकता झल्काउने र फिल्मको कथा भावलाई थप सशक्त बनाउने विश्वास निर्माताको छ। यसअघि सार्वजनिक गीत, पोस्टरले समेत दर्शकको ध्यान राम्रैसँग तानेको देखिन्छ। राजबहादुर साने निर्देशित फिल्ममा सौगात मल्ल र बेनिशा हमाल मुख्य भूमिकामा छन्।

श्रीकृष्ण निरौला, जानुका विश्वकर्मा, लोकेन्द्र लेखक, भूगोल कार्की, हिउँवाला गौतम, सुशील पोखरेल, दिनेश रेग्मी, आरआर खड्का, ज्ञानु मल्ल, पवन भट्टराई, काजल भुजेलको पनि अभिनय छ।

तुल्सीदेवी फिल्म प्रालिको निर्माण र जुनतारा फिल्म्सको सहकार्यमा फिल्म बनेको हो। पटकथा प्रदीप भारद्धाज र सानेले लेखेका हुन्। सिमोस सुनुवारको प्रस्तुति, भूगोलकुमार कार्की र विकासराज जोशीको निर्माण रहेको फिल्ममा अप्सरा नेपाली, अजय मल्ल र कुमार केसी कार्यकारी निर्माता छन्। गंगाराम श्रेष्ठको सहनिर्माण छ।

# चलचित्र 'परिवर्तन'को छायांकन सकियो

■ प्रभाव संवाददाता



**काठमाडौं–** चलचित्र 'परिवर्तन'को छायांकन सकिएको छ। ५६ दिन लगाएर मंगलबार चलचित्रको छायांकन सकिएको हो। निर्माता दीपक सिवाकोटीका अनुसार चलचित्रका दुई गीतहरू बाहेक अन्य छायांकन सकिएको हो। चलचित्रमा समावेश गरिने एक राष्ट्रिय गीत र एक लोकगीतको छायांकन हुन भने बाँकी रहेको निर्माता सिकाकोटीले बताए।

'परिवर्तन'को छायांकन झापाका विभिन्न स्थानहरूका साथै विराटनगरमा गरिएको थियो।

विजय केरुङको निर्देशन रहेको चलचित्रमा सुशील श्रेष्ठ, अञ्जना बराइली, गौतम तिवारी सूर्यवंशी, बुद्धि तामाङ, करिश्मा मानन्धर, आशा पौडेल, सुवास मेचे, पुकार भट्टराई, हेमन्त बुढाथोकी, आएशा कार्की, सागर खरेल, राजु खरेल, कृष्ण कोइराला, सुवास खरेल, कल्पना खतिवडा, शंकर श्रेष्ठ, रोहन सेन्चुरी, यमनाथ खरेललगायत कलाकारहरूको अभिनय छ।

'दिब्यासी फिल्म्स प्रा.लि.'को ब्यानरमा दीपक सिवाकोटीले निर्माण गरेको फिल्मले नेपालको सिमाना सुरक्षा, भ्रष्टाचारको जालो, तथा गरिब, दुःखी र असहाय जनताको पीडालाई कथानक मार्फत उजागर गरेको छ।

वि.सं. २०२८ मा निर्देशक हिरा सिंह खत्रीको निर्देशनमा 'परिवर्तन' नामक फिल्म निर्माण भएको थियो। अब झन्डै पाँच दशकपछि सोही नाममा नयाँ कथासँगै अर्को 'परिवर्तन' दर्शकमाझ आउन लागेको हो।

## रंगशाला

# 'खेलाडीलाई आजीवन मासिक भत्ताको सुरुआत गरेका छौं'



■ प्रभाव संवाददाता

**काठमाडौं–** युवा तथा खेलकुदमन्त्री तेजुलाल चौधरीले खेलाडीहरूको दुर्घटना बिमा र अन्तरराष्ट्रिय पदक विजेता खेलाडीलाई आजीवन मासिक भत्ताको व्यवस्थाको सुरुआत गरिएको बताएका छन्। प्रतिनिधिसभाको मंगलबारको बैठकमा सांसदहरूले राखेको जिज्ञासाको जवाफ दिँदै मन्त्री चौधरीले खेलकुदको दौरानमा हुने दुर्घटनामा खेलाडीको उपचारका लागि खेलाडी दुर्घटना बिमा पनि लागू भइसकेको जानकारी दिए।

उनले भने, 'आर्थिक वर्ष २०८२/८३ देखि खेलाडी तथा प्रशिक्षकको जीवन बिमा र स्वास्थ्य बिमा लागू गर्ने योजना रहेको छ, साथै अन्तरराष्ट्रिय प्रतियोगितामा पदक प्राप्त गर्ने खेलाडी र उनीहरूका सन्ततिलाई अध्ययनका लागि छात्रवृत्ति वितरण गर्ने योजना छ।'

